# संयुक्त राष्ट्रसङ्घीय
# मानवअधिकार उच्चायुक्तको
# कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति - २०६३ पुष २८**

---

**भैरवनाथ गणद्वारा बेपत्ता पारिएकाहरूसम्बन्धी छानबिन गरिरहेको सर्वोच्च अदालत कार्यदलको सहयोगका लागि उच्चायुक्तको कार्यालय-नेपालको आह्वान**

मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालले २०६३ पुष २५ गते सर्वोच्च अदालत कार्यदलले भैरवनाथ गणद्वारा बेपत्ता पारिएकाहरूसम्बन्धी छानबिन गरोस् भनी जारी गरिएको सर्वोच्च अदालतको आदेशलाई ध्यानमा राखेको छ । यो आदेश काठमाडौंको महाराजगञ्ज ब्यारेकमा थुनिएका व्यक्तिहरूद्वारा दायर गरिएको निवेदनको जवाफमा थियो । यो कार्यदल अन्य निवेदनहरूमा नाम खुलाइएका व्यक्तिहरूलाई बेपत्ता पारिएकोबारे छानबिन गर्न सर्वोच्च अदालतद्वारा सुरुमा सन् २००६ अगष्टमा स्थापना गरिएको थियो ।

उच्चायुक्तको कार्यालय, नेपालको सन् २००६ मईको *काठमाडौं महाराजगञ्जस्थित शाही नेपाली सेनाको ब्यारेकमा भएको स्वेच्छाचारी थुना, यातना र बेपत्तासम्बन्धी प्रतिवेदन सन् २००३ - २००४* मा वर्णित यी बेपत्ता पारिएकाहरूबारे एवं नेपाली सेनाद्वारा बेपत्ता पारिएका अन्य ३०० जति घटनाबारे निष्पक्ष छानबिन गर्न सरकारको विफलताबारे उच्चायुक्तको कार्यालय, नेपाल लामो समयदेखि चिन्तित रही आएको छ । सबै बेपत्तासम्बन्धी घटनाबारे छानबिन तथा तिनलाई स्पष्ट गर्न एउटा विश्वासनीय, सक्षम, निष्पक्ष र पूर्ण रूपले स्वतन्त्र आयोग स्थापना गरिनुपर्दछ भन्ने विश्वासलाई उच्चायुक्तको कार्यालय, नेपाल जारी राखे तापनि सर्वोच्च अदालतको यो आदेश त्यो लक्ष्य प्राप्त गर्नेतर्फ एउटा महत्वपूर्ण कदम हो । सो कार्यदललाई आफ्ना छानबिनहरू सञ्चालन गर्न पर्याप्त स्रोतहरू तथा व्यवस्थापकीय सहयोग गरिनु अति आवश्यक छ, र नेपाली सेना र नेपाल प्रहरीले यसलाई पूर्ण रूपले सहयोग गर्नुपर्दछ ।

> "म भैरवनाथ गणद्वारा बेपत्ता पारिएकाहरूकासम्बन्धी हाम्रा प्रतिवेदनहरूप्रति सरकारको जवाफ नभएकोमा म अत्यन्त चिन्तित छु । बेपत्ता पारिएकाहरूका परिवारहरूले गरेका सत्य र न्यायका लागि आह्वानहरू बेवास्ता गर्ने कार्य जारी छ, र कारबाहीको यो अभाव नेपालमा मानवअधिकार संरक्षणका लागि अत्यावश्यक जवाफदेहीताको संस्कृति स्थापना गर्न एउटा मुख्य अवरोध रहेको छ । सरकारले बेपत्ता पारिएकाहरूको भाग्यस्थिति निश्चित गर्न तथा जिम्मेवारहरूलाई जवाफदेही बनाउने कुराको सुनिश्चित गर्न आफ्नो दायित्व पूरा गर्न अति आवश्यक छ," मानवअधिकार उच्चायुक्तको नेपालस्थित प्रतिनिधि लेना सुन्धले भन्नुभयो ।

**For further information contact Mr. Kieran Dwyer at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext. 321) - Mobile: 98510 14263 or Email: kdwyer@ohchr.org**